प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# बागमती प्रदेश कार्यालय

हेटौंडा, मकवानपुर

## डिप्लोमा/प्रमाणपत्र तहको वर्गीकृत (निःशुल्क) छात्रवृत्ति तर्फ रिक्त कोटाको लागि आवेदन पेश गरेका आवेदकहरुको नतिजा प्रकाशन सम्बन्धी

## अत्यन्त जरुरी सूचना ।

प्रकाशित मितिः २०७८/११/०२

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुरको मिति २०७८/०४/३०, २०७८/०५/१८ र मिति २०७८/०५/०२ गते शैक्षिक सत्र २०७८/७९ का लागि गोरखापत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना बमोजिम डिप्लोमा/प्रमाणपत्र तथा प्रि-डिप्लोमा तहको वर्गीकृत (निःशुल्क) छात्रवृत्ति कोटामा विद्यार्थी छनौटका लागि तोकिएको मिति र समय भित्र Online फाराम भरेका योग्य आवेदकहरु मध्येबाट डिप्लोमा/प्रमाणपत्र तहको प्रवेश परीक्षा सञ्चालन, छात्रवृत्ति वितरण एवं भर्ना सम्बन्धी निर्देशिका २०७४ (चौथो संशोधन २०७८) तथा प्रि-डिप्लोमा तहको प्रवेश परीक्षा सञ्चालन, छात्रवृत्ति वितरण एवं भर्ना सम्बन्धी निर्देशिका २०७७ (चौथो संशोधन २०७८) तथा उल्लेखित सूचना अनुसार यस कार्यालयबाट विभिन्न मितिमा प्रकाशित नतिजा बमोजिम सिफारिस गरिएको शिक्षण संस्थामा तोकिएको मिति र समय भित्र सिफारिस गरिएका उम्मेद्वारहरु भर्ना हुन नगई रिक्त रहेको कोटाहरुमा यस बागमती प्रदेश कार्यालयद्वारा मिति २०७८/१० /१० गते प्रकाशित सूचना बमोजिम सम्बन्धित संस्थामा नै आवेदन पेश गरेका विद्यार्थीहरु मध्येबाट तपसिल बमोजिमका योग्यताक्रम अनुसारका विद्यार्थीहरु पूनः सिफारिस गरिएको व्यहोरा सूचित गरिन्छ । वर्गीकृत (निःशुल्क) छात्रवृत्तिमा सिफारिस भएका विद्यार्थीहरुले मिति २०७८/११/०४ गते सम्म कार्यालय समय भित्र अनिवार्य रुपमा आफ्नो शैक्षिक योग्यता, नागरिकता र Online छात्रवृत्ति छनौट आवेदन फाराम भर्दा प्राप्त भएको प्रवेश पत्र सहित भर्ना भई सक्नुपर्नेछ । सम्बन्धित शिक्षण संस्थाहरुले समेत यसै सूचनालाई आधार मानी उल्लेखित सूचना तथा निर्देशिका बमोजिम विद्यार्थीहरु भर्ना गर्न गराउनु हुन र तोकिएको मिति र समय भित्र सिफारिस गरिएका प्रशिक्षार्थी भर्ना भए / नभएको जानकारी यस कार्यालयको ईमेल ठेगाना exam@ctevtbagmati.org.np मा र सोको बोधार्थ परिषद्, परीक्षा नियन्त्रण कार्यालय (oce.ctevt@gmail.com) मा पठाउनुहुन अनुरोध छ ।

**निर्देशक**